नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल।

पत्र संख्या :-
च.नं.

# प्रेस विज्ञप्ति

क्यासिनो तथा आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेल सञ्चालनको लागि इजाजत प्राप्त गरेका कम्पनीहरुबाट रोयल्टी शीर्षकमा बाँकी वक्यौता असूल उपर गर्न भए/गरिएका प्रयासका सम्बन्धमा विभिन्न सञ्चार माध्यमबाट व्यक्त गरिएका चासो र चिन्ताप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

क्यासिनो तथा आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेल सञ्चालनको लागि इजाजत प्राप्त गरेका कम्पनीहरुबाट चालु आर्थिक वर्षमा हालसम्म रोयल्टी शिर्षकमा रु ७५,४५,००,०००।— राजश्व दाखिला भएको साथै रु १४,२०,००,०००।— सोही प्रयोजनको लागि बैङ्क जमानत प्राप्त भएको छ।

आर्थिक वर्ष २०७६/७७ सम्म विभिन्न क्यासिनो सञ्चालक कम्पनीहरुले जम्मा रु ८४,८४,४७,८४८।— रोयल्टी शीर्षकमा राजश्व बुझाउन बाँकी रहेको र कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा जम्मा रकम रु १,९०,९९,५५,९२६।९९ लगत कसिएको सन्दर्भमा यसरी राजश्व दाखिला नगरी बाँकी वक्यौता रहेका केही क्यासिनो सञ्चालक कम्पनीहरुलाई नेपाल सरकार (माननीय मन्त्रीस्तर) मिति २०७८।१०।२६ को निर्णयानुसार कारवाहीको प्रक्रिया अगाडि बढाएपछि त्यस्ता कम्पनीका सञ्चालकहरु बाँकी वक्यौता सम्बन्धमा यस मन्त्रालय र पर्यटन विभागमा सम्पर्क गर्ने क्रम बढेको छ । त्यसै क्रममा आज मिति २०७८।११।०२ मा सेन्ट्रल मिडिया प्रा.लि. ले रु ४,००,००,०००।— जम्मा गरेको बैङ्क भौचर प्राप्त भएको छ।

यसरी प्रचलित नेपाल कानून अनुसार तिर्नु बुझाउनुपर्ने रोयल्टी शीर्षकको राजश्व नबुझाउने क्यासिनो सञ्चालक कम्पनीहरुलाई बाँकी वक्यौता तिर्न बुझाउन ताकेता गर्ने र आवश्यकता अनुसार कारवाही गर्ने क्रम जारी रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तसर्थ, यस मन्त्रालय र पर्यटन विभागबाट यसरी बाँकी वक्यौता रहेको राजस्व असूलीका सम्बन्धमा भए गरेका प्रयास तथा काम कारवाहीप्रति सरोकारवाला लगायत कोही पनि भ्रममा नपर्नु हुन समेत अनुरोध छ।

मिति: २०७८/११/०२

(डा. टोकराज पाण्डे)
सहसचिव/प्रवक्ता